बैठक नं. ४८

आज मिति २०८२/०८/०३ गते बुधबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

<u>उपस्थिति :</u>

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्है प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री त्रिवेणी प्रसाद चौधरी | १८ | का.वा. वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी कुर्मी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री भूपेन्द्र पाण्डेय | रामग्राम नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत, सचिव |

बैठक नं. ४८

मिति २०८२/०८/०३ गतेको कार्यपालिका बैठकमा पेश गरिएका प्रस्तावहरुः

१. अघिल्लो बैठंकको निर्णय समिक्षा सम्बन्धमा ।
२. थप गहुँको उन्नत बिउ खरिद सम्बन्धमा ।
३. कार्यविधि, समिति तथा आचारसंहिता स्वीकृत गर्ने सम्बन्धमा।
४. सांस्कृतिक भवन निर्माण सम्बन्धमा।

<u>निर्णयहरु</u>

**निर्णय नं. १-** प्रस्ताव नं १ माथि छलफल हुँदा मिति २०८२/०६/२९ गतेको कार्यपालिका बैठकका अघिल्लो निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२ -** प्रस्ताव नं २ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत संघीय शसर्त अनुदान तर्फ रु १०,७४,४८०/- र आन्तरिक श्रोत तर्फ रु. १४,२८,५४०/- गरी कुल रकम रु २५,०३,०२०/- तथा कृषकको ५०% लागत साझेदारी रकम रु २५,०३,०२०/- सहित जम्मा रु ५०,०६,०४०/- (अक्षेरुपी पचास लाख छ हजार चालिस रुपैया मात्र) बराबरको गहुँको उन्नत बीउ खरिद गरी तपसिल बमोजिमको वडामा निम्न बमोजिम परिमाणमा हालसम्म वितरण भईसकेको र विभिन्न वडाहरुमा अपुग भएको ५६० बोरा गहुँको खरिदका लागि माग आइरहेका हुदाँ उक्त परिमाणको गहुँ खरिदका लागि बजेट उपलब्ध/व्यवस्थापन नभएकाले चालु आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम पुस्तिकाको क्रियाकलाप नं. ५७९.२२१.२१ मा संघ संस्थालाई अनुदान खर्च शीर्षकमा रु २०,००,०००/- विनियोजन रहेकोले सोही शीर्षकबाट खर्च लेख्ने गरी गहुँ खरिदका लागि रु. १०,००,०००/- व्यवस्थापन गरी कृषकको ५०% लागत साझेदारी गरी कुल रु २०,००,०००/- बराबरको खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेड, भैरहवा रुपन्देहीलाई रु १०,००,०००/- अग्रिम भुक्तानी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| वडा नं. | विजय | एन.एल. ९७१ | वाणगंगा | जिंक गहुँ-१ | जिंक गहुँ-२ | बोर्लग २०२० | अन्य | कुल | कुल कृषक संख्या | हालसम्म उपलब्ध भइसकेको (बोरामा) | अपुग गहुँको बीउ (बोरामा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८०० | १८२० | १६० | ० | ० | ० | ० | ३७८० | ४५ | ३३ | १२ |
| २ | १३६० | २०० | ० | ० | ० | ० | २४० | १८०० | ३४ | २४ | १० |
| ३ | ६४० | २४० | १२० | १६०० | ० | ० | ० | २६०० | ३२ | २३ | ९ |
| ४ | १२४० | ६०० | ८० | ८० | १२७६० | ० | ० | १४७६० | २१२ | १५५ | ५७ |
| ५ | ६०० | ८० | ० | ० | ० | ० | ० | ६८० | ९ | ७ | २ |
| ६ | १६० | ८० | ८० | १३२० | ० | ० | २०० | १८४० | २४ | १७ | ७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ४६४० | ० | ६८० | १६० | १६० | ० | ८० | ५७२० | ८३ | ६० | २३ |
| ८ | ३८८० | ३२० | ३६० | २१६० | ० | ० | १०० | ६८२० | ८२ | ६० | २२ |
| ९ | ३०८० | ९६० | २२८० | १९२० | ८४०० | ० | ० | १६६४० | २५२ | १८५ | ६७ |
| १० | ५०८० | २३२० | १४०० | १४८० | ० | ० | २००० | १२२८० | १२५ | ९१ | ३४ |
| ११ | ८०० | ४०० | ३६० | ० | ० | १२० | ० | १६८० | २८ | २० | ८ |
| १२ | १००० | १०४० | २८० | ४०० | ० | ४८० | ० | ३२०० | ३६ | २६ | १० |
| १३ | ४००० | ३२० | ७२० | २१६० | ४०० | ० | १०० | ७७०० | १०० | ८१ | १९ |
| १४ | ८८४० | ९२० | ७६० | ३८०० | १८१० | ० | ० | १६१३० | १७९ | १३१ | ४८ |
| १५ | २१२८० | २८०० | २०२० | ३५६० | ० | ० | २५६० | ३२२२० | २७५ | २०१ | ७४ |
| १६ | १०३२० | २०८० | ३६० | ५२४० | १२४० | ३९६० | ४० | २३२४० | ३३४ | २४५ | ८९ |
| १७ | ३१६० | २०८० | १५२० | ४५६० | १९२० | १२० | ८८० | १४२४० | १४१ | १०३ | ३८ |
| १८ | ५२८० | २१६० | १६०० | ० | ० | ० | ० | ९०४० | ११६ | ८५ | ३१ |
| | ७७१६० | १८४२० | १२७८० | २८४४० | २६६९० | ४६८० | ६२०० | १७४३७० | २१०७ | १५४७ | ५६० |

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

निर्णय नं ३ - प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकाको पुरुष संजाल (गठन तथा सञ्चालन) कार्यविधि, २०८२ पारित, रामग्राम नगरपालिकाको लैङ्गिक आधारमा हुने हिंसा (GBV) रोकथाम तथा प्रतिकार्य समिति गठन र यौन शोषण, दुर्व्यवहार Sexual Exploitation and Abuse (SEA) र बालअधिकार उल्लङ्घन रोकथाम सम्बन्धी आचारसंहिता स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ४ - प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२/०८३ को नगर स्तरीय योजना अन्तर्गत वडा नं. १४, प्रसावलमा मा सांस्कृतिक भवन निर्माणका लागि रु. २९,००,०००/-, सांस्कृतिक भवन निर्माणका लागि रु. १५,००,०००/- तथा सूचना केन्द्र भवन निर्माणका लागि रु. १०,००,०००/- विनियोजन भएकोले उक्त कार्यका लागि आवश्यक भवन प्रसावल गाउँको उत्तरपट्टीको सुनवल र धरमपुर जाने बाटोको चोकमा रहेको ८ नं. जग्गामा निर्माण गर्नको लागि स्वीकृत गर्ने र योजना सम्झौताका लागि निर्देशन दिने निर्णय गरियो।